# मिति २०८० कार्तिक २३ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : मेलम्ची नगरपालिकाको लोगो स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : आ.व.२०७९/०८० को सुत्केरी एम्बुलेन्स खर्चको दायित्व भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : २५/७५ श्रम साझेदारी सिंचाई योजना सम्बन्धमा ।

प्रस्ताव नं. ६ : औषधि ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : जाजरकोटका भूकम्पीडितहरुको लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ८ : आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : पुजाआजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १० : पारिश्रमिक भक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ११ : परिपत्र सम्बन्धमा ।

प्रस्ताव नं. १२ : सेवा करारमा नियूक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : खानेपानी योजना निर्माणका लागि जिल्ला समन्वय समितिसंग साझेदारी गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १४ : खानेपानी योजना निर्माणका लागि सिफारिस गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/०७/०१ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाले नगरपालिकाको लोगो निर्माणका लागि मिति २०८०/०६/१८ मा सूचना आव्हान गरेकोमा, उक्त सूचना बमोजिम मेलम्ची नगरपालिका वडा नं. १२ स्थायी निवासी श्री बिजेन्द्र श्रेष्ठले निर्माण गर्नुभएको अनुसूची–१ मा उल्लिखित मेलम्ची नगरपालिकाको लोगो स्वीकृत गर्ने तथा उक्त लोगो स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट गर्भवती तथा सुत्केरी हुने महिलाहरुलाई सम्बन्धित व्यक्तिको घर देखि मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याउँदा र लैजाँदा दुई तर्फी तथा मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र देखि काठमाडौंसम्म लैजाँदा एकतर्फी लाग्ने मिति २०७९ श्रावण देखि २०८० असार मसान्तसम्मको एम्बुलेन्स खर्च स्थानीय संचित कोष व्यवस्थापन प्रणाली बन्द भई भुक्तानी हुन नसकेको हुँदा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म.ले.प.फा.नं. २२१ प्रमाणित गरी भुक्तानी गर्न बाँकी रकम रु. ६२,५००।– (अक्षरुपी बैसठी हजार पाँच सय रुपैयाँ मात्र) यस आ.व. मा विनियोजित सोही शिर्षकबाट मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरु तथा शाखाबाट आ.व. २०८०/८१ मा विनियोजन भएको योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

### तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | निबुगाउँ आ.वि. खानेपानी तथा घेराबार, मेनपा २ | ५,००,०००।– | निबुगाउँ आ.वि. तथा भोटेचौर स्वास्थ्य इकाई खानेपानी, मेनपा २ | ५,००,०००।– |
| २ | ठूलोखोला एक्लेपाटा सिंचाई कुलो निर्माण, मेनपा १३ (राजस्व बाँडफाँड संघीय सरकार) | ६,००,०००।– | ठूलोखोला एक्लेपाटा सिंचाई कुलो निर्माण, मेनपा १३ | ९,००,०००।– |
| ३ | ठूलोखोला एक्लेपाटा सिंचाई कुलो निर्माण, | ३,००,०००।– | | |

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| | मेनपा १३ (आन्तरिक श्रोत) | | | |
| ४ | भरपाई फर्मेट छपाई कार्यालय व्यवस्थापनको सामग्री खरिद (कृषि विकास शाखा ) | ३,००,०००।– | विविध (कार्यालय संचालन, फर्मेट, स्टिकर आदि छपाई र अन्य सामग्री खरिद) | १,५०,०००।– |
| | | | दैनिक भ्रमण भत्ता र वैठक भत्ता | १,५०,०००।– |
| ५ | छांगेखोला बडहरे गैरीखेत सिंचाई कुलो निर्माण, मेनपा ११ | २०,००,०००।– | कटुञ्जे ठाँटीटोल सडक, मेनपा ११ | १०,००,०००।– |
| | | | नुहार खोला बडहरे धुसेनी कृषि सडक, मेनपा ११ | १०,००,०००।– |
| ६ | ओख्रेनी प्रतिक्षालय निर्माण, मेनपा ४ | ४,००,०००।– | ओख्रेनी प्रतिक्षालय र थकनी चौतारी निर्माण, मेनपा ४ | ६,००,०००।– |
| ७ | थकनी चौतारी निर्माण, मेनपा ४ | २,००,०००।– | | |

निर्णय नं. ५ : मेलम्ची नगरपालिका भित्रका विभिन्न वडाहरुबाट २५/७५ श्रम साझेदारी सिंचाई योजनाका लागि प्राप्त भएका निवेदनहरुको सम्बन्धमा छलफल गरियो । नगरपालिकामा प्राप्त भएका सिंचाई योजनाहरुलाई सम्बन्धित वडामा पठाई स्थानीय उपभोक्ताहरुको आवश्यकता र सिंचित क्षेत्रफलको अध्ययन गरी सम्बन्धित वडा समितिबाट छनौट तथा सिफारिस भई आएका योजनाहरुलाई कार्यालयमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका अन्तर्गत रहेका अस्पताल एवं स्वास्थ्य चौकीहरुबाट निशुल्क रुपमा वितरण गरिने औषधि खरिदको लागि चालु आ.व. २०८०/०८१ मा रु. १ करोड बजेट विनियोजन गरिएकोमा विभिन्न स्वास्थ्य चौकी र अस्पतालबाट गरिएको औषधि मागका आधारमा औषधि खरिदका लागि कार्यालयमा पेश भएको लागत अनुमान स्वीकृत गरी नपुग थप रकम आगामी नगरसभाबाट श्रोत व्यवस्थापन गर्ने गरी औषधि खरिदको लागि ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७ : मिति २०८०/०७/१७ गते राती जाजरकोट जिल्लामा गएको विनाशकारी भुकम्पबाट जाजरकोट र आसपासका क्षेत्रमा ठूलो धनजनको क्षति भएको हुँदा जाजरकोट तथा अन्य प्रभावित जिल्लाका भुकम्पपीडितहरुको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. २०,००,०००।– (अक्षरुपी बीस लाख रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ८ : मेलम्ची नगरपालिका वडा नं. ३ स्थायी निवासी गणेश बहादुर खत्रीको छोरा भिम बहादुर भुजेल टाउको सम्बन्धी समस्याबाट पीडित भई हाल त्रिभुवन शिक्षण अस्पतालमा उपचाररत रहनुभएको र निजको आर्थिक अवस्था कठिनाई भएकोले निजको उपचारको लागि सम्बन्धित वडाबाट सिफारिस समेत भई आएको हुँदा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. ५ स्थित कोटदेवी मन्दिरमा विगत लामो समय देखि वली तथा पुजाआजा गर्ने प्रचलन हुँदै आएकोमा उक्त मन्दिरमा संचालन हुने परम्परागत पुजाआजाको बजेट व्यवस्थाको लागि सम्बन्धित वडाबाट सिफारिस भई आएको हुँदा विविध शिर्षकबाट खर्च हुने गरी रु. ३५,०००।– (अक्षरुपी पैंतिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १० : मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फट्केश्वर बाल विकास केन्द्रमा बाल विकास केन्द्र संचालन, व्यवस्थापन तथा रेखदेखका लागि रुपमा कार्य गर्नको लागि वडा शिक्षा समितिको मिति २०८०/०२/१८ गतेको बैठक तथा मेलम्ची नगरपालिका वडा नं. १३ को वडा समितिको मिति २०८०/०२/२१ को बैठकबाट सोही वडा निवासी श्री सुपर श्रेष्ठलाई बाल विकास सहजकर्ताको रुपमा कार्य गर्नको लागि निर्णय गरिएकोमा सम्बन्धित वडाको सिफारिसका आधारमा निज सुपर श्रेष्ठलाई मिति २०८०/०२/१८ देखि २०८० भाद्र मसान्तसम्म शिक्षा तथा खेलकुद शाखाको बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक र पोशाक भत्ता शिर्षकबाट खर्च हुने गरी दैनिक ज्यालादारीको रुपमा पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २७४ मिति २०८०/०७/२२ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २२३२८ मिति २०८०/७/१५ को प्राप्त पत्रहरुको सम्बन्धमा आजको यस वैठकमा छलफल भई आवश्यक कार्यान्वयनका लागि जानकारी गराइयो।

निर्णय नं. १२ : मेलम्ची नगरपालिकामा विगत दुई वर्ष देखि दैनिक ज्यालादारीको रुपमा पारिश्रमिक पाउँने गरी मेलम्ची नगरपालिका वडा नं. १० स्थायी निवासी श्री नारायण दुलाललाई जे.सि.बी. अपरेटरको रुपमा कामकाज लगाइएकोमा निजको कार्यसम्पादन सन्तोषजनक र प्रभावकारी देखिएको र मिति २०७९/११/०३ गतेको नगर सभाको अधिवेशनबाट स्वीकृत कर्मचारी संगठन संरचनामा उक्त पद सिर्जना गरिएकोले निजलाई नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता उपलब्ध गराउने गरी मिति २०८०/०८/०१ गते देखि लागु हुने गरी सो पदमा करार सेवामा नियूक्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित सुनखानी खानेपानी योजना (एक घर एक धारा खानेपानी) निर्माण गर्नको लागि नगर सभाबाट रु. ५० लाख बजेट विनियोजन भएको तथा उक्त योजनाको वृहत परियोजना प्रतिवेदन (DPR) बमोजिम उक्त खानेपानी योजना निर्माणका लागि कूल लागत अनुमान रु. १ करोड ५० भएकोले जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकसंगको साझेदारीमा खानेपानी योजना निर्माण गर्नको लागि रु. ५० लाख बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका क्षेत्र भित्र देहाय बमोजिमका खानेपानी योजनाहरु निर्माण गर्नका लागि स्थानीय जनताहरुबाट माग भै आएको हुँदा उक्त खानेपानी योजना निर्माण गर्नको लागि जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकसंग बजेट व्यवस्थाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | माग रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | रातमाटे जौ खोरिया खानेपानी योजना, मेनपा १० | ३०,००,०००।– | |
| २ | माथिल्लो क्यामुने मुहान खानेपानी योजना, मेनपा १० | १०,००,०००।– | |

अनुसूची-१

"मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार"

# मेलम्ची नगरपालिका